दर्ता नं. १२५४/०६०/१०/२

# ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल

Broadcasting Association of Nepal

P.O.Box: 4344, Tripureshwor, Kathmandu, Ph. No.: 01-4252451, Fax: 01-4215373
E-mail: banepal@gmail.com, www.ban.org.np, broadcastersnepal.org

मिति: २०७८/०४/३१

## प्रेश विज्ञप्ति

सरकारले सार्वजनिक सेवा प्रशारण सम्वन्धि कानुनलाई संसोधन र एकिकरण गर्न बनेको विधेयकमाथि राष्ट्रिय सभामा सैद्धान्तिक छलफल गरेकोप्रति यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ।

सो विधेयकमा रहेका कतिपय प्रावधानहरु लोकतन्त्र र सार्वजनिकसेवा प्रशारण सम्वन्धि विश्वव्यापी मान्यता र सिद्धान्त विपरीत रहेको एसोसिएसनको ठहर छ। नेपाल टेलिभिजन र रेडियो नेपाल जस्ता संस्थाहरु स्वशासित र संगठित मात्र नभएर स्वायत्त समेत हुनुपर्दछ। तर विधेयकमा रहेको प्रावधानहरु सार्वजनिक सेवाप्रशारण सम्वन्धित मान्यता विपरित अस्पष्ट र अलोकतान्त्रिक प्रवृतिका रहेका छन्।

विधेयकवाट सम्पादकीय स्वतन्त्रता र सञ्चालन विधिमा समेत प्रश्न उठ्ने देखिन्छ। सार्वजनिकसेवा प्रशारणमा स्थानिय र प्रदेश सरकारको भूमिकावारे समेत अस्पष्टता छ। सार्वजनिकसेवा प्रशारण मूलत:जनताप्रति वढि उत्तरदायी हुनुपर्नेमा विधेयकमा सरकार प्रति उत्तरदायी हुनुपर्ने व्यवस्थाले स्वतन्त्र पत्रकारीता सम्वन्धि नियमलाई आत्मसात गर्न सक्दैन। नेपालमा रहेका सार्वजनिक प्रशारण माध्यमहरु :जनताप्रति उत्तरदायी हुँदै सरकार, संसद मातहत र मन्त्रीभन्दा सार्वजनिक निकाय र व्यक्तिको नेतृत्वमा सञ्चालन हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ।

देश भरि छरिएर रहेका सम्पुर्ण सञ्चार माध्यमहरुको विषयमा समेत विधेयकमौन रहेको छ। देशका ठुला ठुला परिर्वतनमा महत्वपुर्ण भूमिका खेलेका नेपालका स्वतन्त्र रेडियोहरुको वारे कुनै ठोस कुरा उल्लेख नभएको विधेयक सर्वस्वीकार्य हुन नसक्ने हाम्रो ठहर छ। विधेयकमा सम्पुर्ण सञ्चार माध्यमलाई समेटेर उनीहरुको योगदानलाई समेत कदर गर्ने गरि संसोधन गर्न सरोकारवालाहरुसँग छलफल गर्न सम्वन्धित निकायसँग हामी जोडदार माग गर्दछौं।

दुर्गाअधिकारी
महासचिव